# अरुण गाउँपालिका, भोजपुर

# कोशी प्रदेश, नेपाल

## आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता: उपाध्यक्ष श्री विनिता ढकाल

मिति: २०८१।०३।१०

**गाउँ सभाका अध्यक्षज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु ।**

अरुण गाउँपालिका भोजपुरको आगामी आ.व. २०८१/०८२ को लागि तयार गरिएको नीति तथा कार्यक्रम यस गरिमामय चौधौँ गाउँ सभा बैठकमा प्रस्तुत गर्ने क्रममा म सर्वप्रथम आफ्नो देश, संस्कृति, अस्तित्व र स्वाभिमानको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति विभिन्न कालखण्डमा प्रजातन्त्र, लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएका १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनमा बलिदान हुने ज्ञात अज्ञात अमर सहिदहरुप्रति ससम्मान भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस घडीमा म आफ्नो अमूल्य मत प्रदान गरी हामीलाई निर्वाचित गराउनुहुने आदरणीय अरुण निवासी मतदाता तथा शुभचिन्तकहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । नयाँ जनादेश सहित स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित दीगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ ।

लोकतन्त्रको आधारस्तम्भका रुपमा रहेको स्थानीय तहमार्फत जनताको विकासको अभिष्ट पूरा गर्न गाउँपालिका अग्रसर भइरहेको सन्दर्भमा समावेशी विकासलाई अवलम्बन गरी विकास निर्माणका क्रियाकलापलाई जनसहभागितामूलक बनाउँदै सबै पक्षलाई समेटेर लैजाने अभिप्रायले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा गाउँपालिकाको स्रोत र साधनलाई विश्लेषण गरी गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रको सन्तुलित विकासको लागि समतामूलक र समावेशी चरित्रको विकास योजना तय गर्न महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग, अशक्त र बालबालिकाहरुको हित समेट्ने प्रयास गरिएको छ । जनताका वास्तविक माग र आवश्यकताको वस्तुगत विश्लेषण गरी विकास निर्माणका कार्यमा थप प्रभावकारिता ल्याउन पर्याप्त अधिकार र जिम्मेवारीसहित हामी जनप्रतिनिधिहरु निर्वाचित भएकाछौ । आन्तरिक स्रोत अत्यन्त न्यून भएता पनि सबैको प्रयासलाई जनमुखी ढङ्गले व्यवस्थित गर्दै विकास साझेदारहरुका कार्यक्रम जनता समक्ष पुऱ्याउन गाउँपालिकाको अग्रणी भूमिका रहनेछ । विकास योजनामा दोहोरोपन हटाउदै

गाउँपालिकाको विकास सम्भाव्यतालाई जनचाहना अनुरुप सक्षमतापूर्वक कार्यरुप दिन उपलब्ध साधनस्रोतको समुचित उपयोगमा ध्यान दिइनेछ।

**गाउँ सभा अध्यक्षज्यू**

नेपाली जनताको सात दशक लामो त्याग र बलिदानबाट प्राप्त नेपालको संघीय गणतान्त्रिक संविधान अनुरुप निर्माण भएका तीन तहका सरकारहरुमध्ये स्थानीय सरकारको गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा अरुण गाउँपालिकाको तर्फबाट गाउँपालिकाको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्ष र गौरवको अनुभूति भएको छ। जनतालाई संघीय शासन व्यवस्थाको प्रत्यक्ष अनुभूति दिलाउने अभिप्रायले नेपालको संविधानले अङ्गीकार गरेको समाजवाद उन्मुख शासन प्रणाली र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य, अधिकार र सीमाभित्र रहि यो नीति तथा कार्यक्रम तय गरिएको छ।

**गाउँ सभा अध्यक्षज्यू**

यस गाउँपालिकाको विकासका विभिन्न सम्भावना र चुनौतीका बिच प्रस्तावित आगामी आ.व. २०८१/०८२ को बजेटमा स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार, विभिन्न सांस्कृतिक सम्पदाको संवर्धन, कृषि तथा नगदे बालीको विकास, विद्युत विस्तार र विकास एवं समाजका सबै वर्ग र क्षेत्रको समानुपातिक र समावेशी विकासको परिकल्पना सहित निम्न उद्देश्य एवं प्राथमिकताहरु प्रस्तुत गरेको छुः

१. विकास विज्ञहरुको सहभागितामा अरुण विकास बहसको आयोजना गरी उक्त बहसको निष्कर्षलाई आगामी विकास सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजनाको आधार बनाइनेछ।

२. निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण अबको प्राथमिकता हुनेछ। यसका लागि विभिन्न कृषि कार्यक्रमहरु तय गरिनेछ।

३. गाउँपालिकाको शैक्षिक गुणस्तरमा समय सापेक्षित सुधार ल्याइनेछ।

४. विकास निर्माणका कार्यलाई दीगो, भरपर्दो र जनमुखी बनाइनेछ।

५. आन्तरिक स्रोत र साधनको वृद्धि गर्दै गाउँपालिकालाई आत्मनिर्भरतातर्फ उन्मुख गराइनेछ।

६. लक्षित वर्गको आर्थिक, सामाजिक तथा मानवीय पक्षमा सुधार ल्याई यस गाउँपालिकालाई मानवीय विकासका दृष्टिकोणबाट उत्कृष्ट गाउँपालिकाको रुपमा स्थापित गराउन प्रयत्न गरिनेछ।

७. औद्योगिक विकास तथा रोजगार सृजना हुने कार्यक्रमहरुलाई विशेष प्राथिकता दिइनेछ।

**माथि उल्लिखित प्राथमिकताहरुबाट निम्नानुसारका प्रतिफल प्राप्त हुने विश्वास लिएको छुः**

१. कृषि तथा पशु विकासका क्षेत्रमा व्यावसायीकरण भइ आयआर्जनमा वृद्धि हुने,

२. शिक्षाको क्षेत्रमा गुणस्तरीयता कायम भइ पढाइ छाड्ने र कक्षा दोहोराउने दरमा कमी हुने,

३. विद्युत तथा भौतिक पूर्वाधारको विकास एवं विस्तार हुनुको साथै खानेपानी सुविधा तथा सरसफाइको स्थितिमा सुधार हुने,

४. महिला, बालबालिका तथा पिछडिएको जातिको आर्थिक स्थितिमा सुधार हुने एवं भाषा, संस्कृति र सम्पदाको संरक्षण हुने,

५. प्राकृतिक सम्पदाको दीगो विकास र उपयोगद्वारा गरीबी न्यूनीकरणमा योगदान पुग्ने,

६. आय आर्जन तथा रोजगारीको अवसरमा वृद्धि हुने ।

**गाउँ सभा अध्यक्षज्यू**

स्थानीय सरकार आफैले नीति निर्माण गर्ने र सोही अनुसारको कानुन तर्जुमा एवं समन्वय गर्न सक्ने संविधान प्रदत्त अधिकार अनुसार स्थानीय साधन र श्रोतको उच्चतम प्रयोग भई विकासले गति लिई स्थानीय जनतामा गाउँपालिकाप्रति विश्वासको वातावरण सृजना भएको छ । अब, म गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमतर्फ यहाँहरूको ध्यान आकर्षीत गराउदै गाउँपालिकाले यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानुन, संघीय सरकार तथा प्रदेश सरकारका नीति, कार्यक्रम र बजेट वक्तव्य समेतलाई मूल आधार लिइएको समेत जानकारी गराउँदछु ।

**(क) शिक्षा, युवा तथा खेलकूद सम्बन्धी नीति**

१. आ.व. २०८१/०८२ भित्र गाउँपालिकाको केन्द्र प्याउली बजार आसपास स्नातक तहसम्मको पठनपाठनका लागि तत्कालै अरुण बहुमुखी क्याम्पस सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ ।

२. संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा अरुण गाउँपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्दै सबै गाउँपालिकावासीहरुलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरिनेछ ।

३. शिक्षाको गुणस्तर सुधार गर्न कार्यसम्पादन सम्झौता गर्ने तथा प्रत्येक विद्यालयमा क्रमशः ई-हाजिरी तथा सिसिक्यामेराको व्यवस्था गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

४. सामुदायिक विद्यालयको उपलब्धि तथा गुणस्तर वृद्धिका लागि मातृभाषाको साथै अङ्ग्रेजी माध्यममा समेत पठनपाठन गराउने नीतिलाई अगाडि सारिनेछ ।

५. अरुण गाउँपालिका स्तरीय १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

६. भविष्यका उत्तराधिकारीका रुपमा रहेका विद्यार्थीहरुको पठनपाठन र पढ्न पाउने नैसर्गिक अधिकारलाई अधिकारको रुपमा स्थापित गरिने छ।

७. शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री, प्रविधिमैत्री एवं माध्यमिक तहमा विषयगत शिक्षक अभावलाई व्यवस्थापन गर्दै गाउँपालिकाको प्रत्येक वडामा कम्तिमा एउटा नमूना विद्यालय विकासको कार्य प्रारम्भ गरिनेछ।

८. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गरी चौमासिक रुपमा आवश्यक समीक्षा गरिनेछ।

९. सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

१०. उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहन गरिने छ।

११. माध्यमिक विद्यालयहरुलाई कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ।

१२. गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रावृत्तिको व्यावस्था गर्दै लगिने छ।

१३. अपाङ्गता भएका बालबालिकाहरुको पठनपाठनलाई सुनिश्चित गर्न अपाङ्गता मैत्री संरचना निर्माण गर्न प्राथमिकता दिइनेछ,

१४. उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुलाई प्रारम्भिक शिक्षा पठनपाठन गर्नका लागि वार्षिक दुई जना विद्यार्थीलाई शुल्कको व्यवस्था गरिनेछ।

१५. छात्राहरुका लागि स्यानीटरी प्याडका साथै भेण्डिङ मेसिन, डिस्पोजल गर्ने मेसिनको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६. नेपाल स्काउट तदर्थ समिति गठन गरी सबै माध्यमिक विध्यालयमा स्काउट शिक्षाको व्यवस्था गर्नका लागि बजेटको व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

१७. बालमैत्री स्थानीय शासन रणनीतिक योजना कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

१८. विद्यालयहरुमा सिकाइ मेला कार्यक्रम सञ्चालन गरिनेछ।

१९. विद्यालय अनुगमन, सुपरीवेक्षण योजना बनाइ नियमित अनुगमन संयन्त्र मार्फत् विद्यालयको सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२०. गाउँपालिका स्तरीय कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन व्यवस्थित गरी मर्यादित परीक्षा प्रणालीलाई निरन्तरता दिइनेछ।

२१. शिक्षक डायरी तथा कर्मचारी परिचयपत्र वितरण कार्यक्रम सुरुवात गरिनेछ।

२२. कक्षा ८, १० र १२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र र छात्रा सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३. बालविकास सहजकर्ताहरुको स्थानीय तहबाट प्रोत्साहन स्वरुप मासिक पारिश्रमिक थप गर्ने व्यवस्था मिलाइनेछ ।

२४. शिक्षाको व्यवस्थापनलाई गाउँपालिकाभरि एकरुपता कायम गरिनेछ ।

२५. स्वास्थ्य र सिर्जनशील युवाका लागि खेलकूद र खेलकूदका लागि युवा भन्ने नारालाई कार्यान्वयन गर्दै लगिनेछ,

२६. उत्कृष्ट खेलाडीहरुको पहिचान गरी उनीहरुलाई प्रोत्साहन गरिनेछ,

२७. खेलकूद पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ,

२८. सामाजिक सुरक्षा तथा युवा जनशक्तिको वैदेशिक पलायन रोक्नको लागि स्थानीय स्तरमा रोजगारी सिर्जना गराउने उद्योग व्यवसायलाई प्रोत्साहन गरिनेछ,

२९. प्रत्येक वडाका बाल तथा युवा क्लबहरुको क्षमता विकास गरी बाल अधिकारका क्षेत्रमा रचनात्मक क्रियाकलाप सञ्चालन गर्न उत्प्रेरित गरिनेछ,

३०. स्वरोजगार र आय आर्जनका लागि श्रममा आधारित रोजगार र युवा उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ,

३१. गाउँपालिका क्षेत्रका युवाक्लब तथा विद्यालयहरुको प्रतिनिधित्व हुने गरी वडास्तरीय र पालिकास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ,

३२. अभिभावक, शिक्षक र विद्यार्थी बिचको सम्बन्ध र शैक्षिक गतिविधिलाई यथार्थ चित्रण गर्न अभिभावक शिक्षाको व्यवस्था मिलाइनेछ ।

**(ख) स्वास्थ्यसम्बन्धी नीति**

- गाउँपालिका भित्रका सबै नागरिकहरुलाई स्वास्थ्य बीमा गर्न प्रोत्साहन गरिनेछ,
- विभिन्न माहामारी रोगको रोकथाम, नियन्त्रण तथा राहत कार्यक्रमलाई प्राथमिकता दिइनेछ,
- स्वस्थ घर, स्वस्थ वडा, स्वस्थ गाउँपालिका अभियान सञ्चालन गरिनेछ,
- जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिका भित्रका स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ,
- विपद् व्यवस्थापन कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ,
- गाउँपालिकाभित्र रहेका दीर्घरोगी तथा अपाङ्गता भएका नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ,
- आयुर्वेद प्रणालीबाट स्वास्थ्य उपचार गर्न यस गाउँपालिका अन्तर्गत वडा नं. २ स्थित नागरिक आरोग्य सेवा केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ ।

- गाउँपालिकाका ६ वटा वडामा बर्थिङ सेन्टर स्थापना भएको र बाँकी एउटा वडामा व्यवस्था गरी मातृशिशु स्वास्थ्यको कार्यलाई विशेष ध्यान दिइनेछ,
- गर्भवती महिलालाई नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य संस्थामै सुत्केरी गराउन प्रोत्साहन गरिनेछ,
- विपन्न तथा जटिल अवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ,
- आङ (पाठेघर) खसेको महिलाहरुको वडास्तरमा नै पहिचान गरी सचेतना तथा उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- बालबालिकालाई **"पूर्ण खोप सुनिश्चितता"** गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- नेपाल सरकारबाट निःशुल्क प्रदान गरिने औषधीहरु आवश्यकताका आधारमा गाउँपालिकावासीको पहुँचमा पुऱ्याइने छ,
- गाउँपालिकाभित्र रहेका ८४ वर्ष माथिका बिरामी नागरिकहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।
- नेपाल सरकारको हरेक स्थानीय तहमा १५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने नीति अनुसार यस गाउँपालिकामा पनि आधारभूत अस्पताल भवन निर्माण कार्य प्रारम्भ भएकोले उक्त अस्पतालको निर्माण कार्य समयमा नै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सेवा गरेबापत गरिने प्रोत्साहनलाई निरन्तरता दिइनेछ,
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्र रहेका नवनिर्मित स्वास्थ्य भवनहरुको व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ।

### (ग) कृषि तथा पशुपालनसम्बन्धी नीति

- ७५ प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक खरिद तथा वितरण कार्यक्रमलाई अगाडि बढाइनेछ।
- कृषिलाई निर्वाहमूखीबाट व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्न विशेष जोड दिइनेछ,
- कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सिँचाइ सुविधामा वृद्धि गर्दै लगिनेछ,
- कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ,
- बाली बीमालाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनेछ,
- किटनाशक औषधि, दक्ष प्राविधिक, अर्गानिक मल उन्नत जातको बिउ बिरुवा खरिद गरी व्यावसायिक कृषकहरुलाई सहुलियत दरमा वितरण गर्ने व्यवस्था गर्दै लगिनेछ।
- कृषि सहकारितालाई प्रोत्साहित गरिनेछ र यसलाई उत्पादकत्व वृद्धिको आधार बनाइनेछ,

- पशुपालनको पकेट क्षेत्र छुट्याइ निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ,
- गाउँपालिका भित्रका कृषकहरुलाई उन्नत खालका पशुपालन गर्नका लागि प्रोत्साहित गरिनेछ,
- पशु पकेट क्षेत्रलाई आधार बनाई एकीकृत रुपमा सुविधा विस्तार गरी यस क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- गाउँपालिकाभित्रका कृषि फर्महरुलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गरिनेछ,
- आर्थिक आयआर्जनलाई बढावा दिँदै दुग्ध चिस्यान केन्द्रलाई निरन्तरता दिइनेछ,
- एक घर एक करेसाबारीलाई जोड दिँदै अर्गानिक तरकारी उत्पादन गर्ने नीति ल्याइनेछ,
- पशु प्राविधिकलाई घरघरमा गई सेवा दिने नीति अवलम्बन गरिनेछ,
- गाउँपालिकाभित्रका सम्पूर्ण कृषकहरुलाई वर्षैभरी पशु स्वास्थ्यको लागि चाहिने सम्पूर्ण औषधिहरु निःशुल्क रुपमा वितरण गरिनेछ,
- पशुको नश्ल सुधार गर्नको लागि कृत्रिम गर्भाधान सेवाको विस्तार गरिनेछ,
- पशुजन्य पदार्थको बिक्री वितरणको लागि उचित बजार व्यवस्थापन गरिनेछ,
- कृषकहरुका समस्यालाई पहिचान गरी समस्याको समाधान गर्नको लागि समय समयमा कृषकहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने नीति ल्याइनेछ।
- गाउँपालिकाभित्रका प्रत्येक वडाका बाख्रा फर्महरुलाई व्यवस्थित गर्दै बाख्रा पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्रका कृषकहरुलाई समयमै रासायनिक मल उपलब्ध गराउन रासायनिक मल ढुवानीको लागि अनुदानको व्यवस्था गरिनेछ।
- काष्ठफल व्यवसायलाई प्रवर्द्धन गरी कृषि क्षेत्रबाट दीगो आयआर्जन गर्न विशेष जोड दिइनेछ।
- पशुपन्छी स्वास्थ्य उपचार तथा आकस्मिक महामारीजन्य रोग नियन्त्रणको लागि पशुपन्छीजन्य औषधि खरिद गरि निःशुल्क रुपमा वर्षैभरी औषधि वितरण कार्यलाई प्राथमिकता दिइनेछ।
- पशुपन्छी स्वास्थ्य उपचार तथा आकस्मिक महामारीजन्य रोग नियन्त्रणका लागि कृषकहरुको घरदैलोसम्म सेवा प्रवाह गरिँदै आएको छ। त्यसलाई निरन्तरता दिइनेछ।
- पशुपन्छीको महामारी नियन्त्रणका लागि सबै वडाहरुमा रोग विरुद्धको खोप सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।
- रेबिजजस्तो प्राणघातक रोगको नियन्त्रण न्यूनीकरण गर्ने उद्देश्यका लागि सबै वडाहरुमा रेबिज विरुद्धको खोप अभियान सञ्चालन गरिनेछ (ZERO DEATH BY 2030)। सम्ममा
- राष्ट्रिय पि.पि.आर., स्वाइन फिवर (Swine Fever), रेनिकेट (Ranikhet) जस्ता महामारी रोग नियन्त्रणका लागि रोग विरुद्धको खोप अभियान सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका कृषकहरुको समस्या तथा गुनासाहरु सम्बोधन गर्न कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ) पूर्वाधार विकाससम्बन्धी नीति**

- गाउँपालिका तथा वडा कार्यालयलाई आवश्यक प्रशासकीय भवनको निर्माण कार्य कानून बमोजिम गरिनेछ ।
- हाल सञ्चालमा रहेका सडकहरुको लगत कट्टा गरी सडक कायम गर्ने कार्यको प्रारम्भ गरिनेछ,
- भावी पूर्वाधार योजनाका लागि लागत तर्जुमा योजना सम्बन्धी नीति अवलम्बन गरिनेछ,
- यस गाउँपालिकामा आम जनसमुदायको प्रमुख माग सडक तथा यातायात क्षेत्रको सुधार रहेकोले गाउँपालिका क्षेत्रभित्रका सडकहरु बाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी सडक स्तरउन्नति गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ,
- सडकबाट आवश्यक जमिन छोडेर मात्र स्थायी संरचना बनाउनुपर्ने प्रावधानको कार्यान्वयनका लागि जागरण/सचेतना फैलाउने कार्यलाई नागरिक समाज, सञ्चार जगत लगायतको सहकार्यमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- महत्वपूर्ण र कृषि सडकहरुलाई उपयोगमा ल्याउन त्यस्ता सडकहरुमा सडक हेरालुको व्यवस्था गरिनेछ,
- सडक लगायतका पूर्वाधार निर्माण गर्न भनी गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार समेतमा विशेष जिम्मेवार र जवाफदेही बनाउने नीति लिइनेछ,
- गाउँपालिकाभित्र निर्माण हुने भौतिक संरचनाको नक्सापास कार्य स्वीकृत ऐन, नयमावली र मापदण्ड बमोजिम सरल, व्यवस्थित र थप प्रभावकारी बनाउँदै लगिनेछ । निर्माण भएका संरचना तथा विकास आयोजनाको अनुगमन तथा सुपरीवेक्षण गरी व्यवस्थित गरिनेछ ।
- अरुण गाउँपालिका उज्यालो कार्यक्रम अन्तरगत सडक, वडा कार्यालयहरु तथा बजार क्षेत्रमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ,
- गाउँपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालीन एवम् वातावरणमैत्री दिगो विकासको लागि आवधिक योजना कार्यान्वयनमा ल्याइनेछ,
- आगामी आ.व. २०८१/०८२ मा प्रत्येक वडामा कम्तिमा एउटा र आवश्यकता अनुसार गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु सञ्चालन गरिनेछ,
- प्रत्येक वडामा भौतिक पूर्वाधार निर्माणको लागि एक जना प्राविधिक कर्मचारीको व्यवस्था भइसकेकोले प्राविधिक कार्यमा गुणस्तरीयता कायम गरिनेछ ।
- गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने सडकहरुलाई थप स्तरोन्नति गर्ने कार्य तीव्रताका साथ अगाडि बढाइनेछ ।
- गाउँपालिका भित्रका सडकहरु बाह्रै महिना सञ्चालन गर्न स्थानीयस्तरमा ग्राभेल खानीको पहिचान गरी नियमानुसार कानूनी प्रक्रिया पूरा गरी ग्राभेल उत्खनन गरी सडकमा प्रयोग गरिनेछ।

- गाउँपालिकाभित्रका सबै वडाहरुमा फोहोर व्यवस्थापन केन्द्रको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाका अधुरा/निर्धाणाधीन आयोजनाहरुलाई क्रमशः सम्पन्न गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- उपभोक्ता समितिबाट सञ्चालन हुने योजनालाई प्रभावकारी, गुणस्तरीय बनाउनलाई सबै वडामा अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

**(ङ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति**

- सुत्केरी आमा तथा नवजात शिशु भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- महिलाहरुका लागि विभिन्न सिपमूलक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विगतका वर्षहरुमा जस्तै विभिन्न दिवसहरुलाई निरन्तरता दिइनेछ,
- क्रमशः बालमैत्री वडा निर्माण गर्दै आगामी दुई वर्षभित्र पालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।
- प्रत्येक वडामा बाल उद्यन निर्माण कार्यको शुभारम्भ गरिनेछ ।
- भविष्यका साझेदार र वर्तमानका हिस्सेदार बालबालिकाहरुको चौतर्फी विकास गरी यस गाउँपालिकालाई बालश्रममुक्त बनाइनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै ज्येष्ठ नागरिकसँग घरदैलो भेटघाट कार्यक्रमको सुरुवात गरिनेछ ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ,

**(च) धार्मिक, सांस्कृतिक तथा पर्यटनसम्बन्धी नीति**

- गाउँपालिकाभित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा पर्यटकीय सम्पदाहरुको पहिचान गरी सोको अभिलेख राखिनेछ,
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, मठ, मन्दिर, पाटी, पौवा, सत्तल, कुवा, पँधेरो लगायत आफ्नो संस्कृति परम्परा अनुसार दाह संस्कार गर्ने घाटलाई संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ,
- धार्मिक तथा सेवामूलक संघसंस्था तथा प्रतिष्ठानहरुलाई आवश्यक सहयोग तथा सरंक्षण गर्ने नीति लिइने छ,
- गाउँपालिकामा रहेका विभिन्न जातजाति तथा समुदायहरुको आस्थाका केन्द्रहरुलाई प्रवर्धन गरिनेछ साथै स्थानीय जनजाति, लोपोन्मुख समुदायहरुको भेषभूषा तथा भाषा संस्कृतिलाई संरक्षण तथा प्रवर्धन गरिनेछ ।

- विभिन्न जातजातिका परम्परागत चाडपर्व, मौलिकता, धर्म, संस्कृतिको जगेर्ना गर्ने नीति अवलम्बन गरिनेछ,
- गाउँपालिका  भित्रका महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनको विकास गरिने छ । साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्न ऐतिहासिक पार्क निर्माणको सम्भाव्यता अध्यनन गरिनेछ,
- गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरुमा घरबास (Home stay) कार्यक्रम सञ्चालन गर्ने कार्यको प्रारम्भ भएकोले उक्त कार्यलाई सहयोग र प्रोत्साहन गरी ग्रामीण पर्यटनलाई प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेको सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगको नीति तर्जुमा गरी निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी गाउँपालिकाको आय वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ,
- सांस्कृतिक विविधताको प्रवर्धन गरी पर्यटक आकर्षण गर्नेतर्फ विशेष जोड दिइनेछ ।
- यस गाउँपालिका अन्तर्गत वडा नं. ३ स्थित अरुण बहुउद्देश्यीय आध्यात्मिक प्रतिष्ठान (गुरुकुल)लाई व्यवस्थित गर्दै लगिनेछ ।

**(छ) सिँचाइ, खानेपानी तथा सरसफाईसम्बन्धी नीति**

- गाउँपालिकाका विभिन्न वडाहरुमा साना सिँचाइ अन्तर्गत पक्की कुलो निर्माण गरी सिँचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ साथै आगामी आर्थिक वर्षमा सिँचाइ क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।
- खानेपानीको पहुँचभन्दा बाहिर रहेका गाउँबासीलाई यथासम्भव खानेपानीको पहुँचभित्र पुऱ्याउन पहल गरिने छ,
- गाउँपालिकाभित्रका विभिन्न वडामा रहेका खानेपानीको मुहानलाई उपयुक्त मापदण्ड निर्धारण गरी संरक्षण र संवर्धन गरिनेछ,
- खानेपानीका उपभोक्ता समितिहरुलाई सरसफाईप्रति उत्तरदायी बनाइनेछ,
- गाउँपालिकाभित्र स्वच्छ खानेपानीका लागि एकघर, एकधारा नीतिलाई निरन्तरता दिइनेछ,
- गाउँपालिकाभित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरुलाई यथाशीघ्र सम्पन्न गरिँदै लगिनेछ,
- अरुण नदीबाट लिफ्टिङ गरी खानेपानी तथा सिँचाइको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- भोजपुर नगरपालिकाको वडा नं. १ सोलाखाम मुहानबाट अरुण गाउँपालिका अन्तर्गतका वडाहरुमा क्रमशः स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यले भोजपुर नगरपालिका र यस

गाउँपालिकाबीच समझदारी भएको हुँदा उक्त खानेपानीको आ.व. २०८१/०८२ भित्र योजनाको डि.पि.आर. तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ।

- गाउँपालिका क्षेत्र भित्र सफा घर स्वच्छ खानेपानी अभियान सञ्चालन गरिनेछ।

**(ज) उर्जासम्बन्धी नीति**

- उर्जा विकासको महत्वपूर्ण पूर्वाधार हो। यस गाउँपालिका क्षेत्रभित्र वातावरणमैत्री उर्जाको प्रयोग मार्फत् यस गाउँपालिकालाई समृद्ध बनाउने प्रयास गरिनेछ। आगामी दिनमा वन,जङ्गल तथा वातावरण जोगाउन वैकल्पिक उर्जामार्फत् दाउराको प्रयोगलाई क्रमशः विस्थापन गर्ने नीति लिइनेछ। सौर्य उर्जाको प्रयोगलाई सडक बत्ती तथा सबै वडा बस्तीहरुमा विद्युत विस्तार गरी आ.व. २०८१/०८२ भित्रमा अरुण गाउँपालिकालाई पूर्ण उज्यालो गाउँपालिका घोषणा गर्न आवश्यक पूर्वाधारको क्रमशः विकास गर्दै लगिनेछ।

**(झ) राजस्व परिचालनसम्बन्धी नीति**

- गाउँपालिकाको राजस्व परिचालनका दरहरु निर्धारण गर्दा विद्यमान ऐन, नियम, नीति, निर्देशिका, प्रचलित कार्यविधिबाट निर्देशित हुनेछन्,
- आन्तरिक आयलाई वृद्धि गर्दै लैजाने विगतको नीतिलाई निरन्तरता दिइनेछ,
- राजस्वका थप स्रोतहरुको पहिचानको लागि विस्तृत अध्ययन र सर्वेक्षण गरिनेछ,
- गाउँपालिकाको आन्तरिक उत्पादनलाई बढवा दिँदै निर्यात प्रवर्धनमा जोड दिइनेछ,
- अनधिकृत रुपमा भइरहेको प्राकृतिक स्रोत साधनको व्यवसायलाई राजश्वको दायरामा ल्याइनेछ,
- राजश्वको चुहावट नियन्त्रणका लागि उपचारात्मक र प्रवर्धनात्मक उपायहरु अवलम्बन गरिनेछ र चुहावटका सम्भावित स्थानहरुमा कर संकलनका लागि ढाट राख्नेतर्फ ध्यान केन्द्रित गरिनेछ,
- गाउँपालिकाबाट लिइने कर राजस्व, शुल्क आदि व्यवस्थित र नियमन गरिनेछ र नियमित कर तिर्ने करदातालाई सम्मान गरिने छ,
- घर जग्गा पास, नक्सा पास, कर, राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइने छ।
- राजस्व सङ्कलन कार्यलाई अनलाइन प्रविधि मार्फत् व्यवस्थापन गर्दै लगिनेछ।
- मालपोत करलाई ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ।
- वडा कार्यालयबाट गरिने नागरिकता प्रमाण पत्रको सिफारिस शुल्क घटाइएको छ।

**(ञ) सहकारीसम्बन्धी नीति**

१. सहकारीको दिगोपनको लागि स्वनियमन कार्यलाई प्रभावकारी बनाउँदै लैजान निष्क्रीय अवस्थामा रहेका सहकारीहरुलाई सक्रिय सहकारीहरुमा एकीकरण तथा समायोजन गरी सुव्यवस्थित संस्थाको विकाससँगै गाउँपालिकावासीहरुलाई वित्तीय पँहुच वृद्धि गर्न साना समूह, गाउँ विकास कार्यक्रम, गरिबी निवारण कार्यक्रमहरुलाई सहकारीमा समायोजन गरी त्यस्ता कार्यक्रममा रहेको पूँजी तथा घुम्ती कोषलाई एकीकृत गरेर आयआर्जन क्रियाकलाप मार्फत् स्वरोजगारीको सिर्जना गरी गरिबी निवारणमा विशेष जोड दिइने छ।

२. सहकारीहरुलाई सुव्यवस्थित तथा पारदर्शी रुपमा सञ्चालन गरी वित्तीय तथा सामाजिक पँहुच वृद्धि गर्न सहकारी संस्थाहरुका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास गरी सुशानयुक्त संस्था सञ्चालनमा विशेष जोड दिँदै सहकारीहरुलाई प्रविधिमैत्री (कोपोमिस र सफ्टवेयर) बनाई सेवा प्रवाहलाई सरल बनाउन सहकारीहरुलाई प्रोत्साहन गरिने छ।

३. अरुण गाउँपालिकाको सहकारी ऐन, २०७५ लाई आवश्यकता अनुसार संशोधन गरी नियमावली निर्माण गरिनेछ साथै सहकारी संस्थाका विनियमावली तथा कार्यविधिहरुलाई समयसापेक्ष रुपमा संशोधन, पुनर्लेखन तथा नयाँ लेखन कार्यमा सहजीकरण गरी संस्थागत सुशासन कायम गर्न विशेष जोड दिइने छ।

४. सहकारी संस्थाको लेखापरीक्षण र साधारणसभा समयमा नै गरी/गराई संस्थागत विकासमा विशेष जोड दिइनेछ।

५. सहकारी संस्थाका सबै पदाधिकारी कर्मचारीहरुलाई सहकारीको मूल्य, मान्यता, सिद्धान्त र नियम कानून बमोजिम कार्य गर्न अभिप्रेरित गरी क्षमता विकासमा विशेष जोड दिँदै सहकारीको सहजीकरण तथा व्यवस्थापन कार्यलाई अगाडि बढाइनेछ।

६. कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई कृषिको व्यावसायीकरण तथा बजारीकरण सम्बन्धी क्षमता विकास गरी उत्पादनलाई बजारसम्म पुऱ्याउने कार्यको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

७. कृषि सहकारीहरु मार्फत् रासायनिक मल ढुवानी, खरिद, बिउ/बिरुवा ढुवानी र वितरणका साथै पुशपालन लगायतका कृषक हितका कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकायसँग प्रभावकारी समन्वय र सहजीकरण गरिनेछ।

**(ट) उद्योग, वाणिज्य तथा वित्तीय क्षेत्रसम्बन्धी नीति**

- गाउँपालिकाभित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीको वातावरण सृजना गरिनेछ।

- गाउँपालिकाभित्र रहेका सहकारीले वार्षिक रुपमा कम्तिमा एक सहकारी, एक सामाजिक कार्यक्रम गर्नुपर्ने नीति अवलम्बन गरिनेछ,
- सहकारीसँग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारीको क्षेत्रमा लगानीका लागि गाउँपालिकाबाट पहिचान भएका उद्यमीहरुलाई उनीहरुको आवश्यकता र कृषि सहकारी संस्थाहरुको छाता संस्थाको स्थापना गरी सहकारी क्षेत्रको व्यवस्थापन गरिनेछ, क्षमता हेरी सामूहिक जमानीमा बिनाधितो ऋण उपलब्ध गराउन सक्ने नीति अवलम्बन गरिनेछ, र एक सहकारी एक सदस्य हुने राष्ट्रिय सहकारी नीतिलाई कार्यान्वयनमा ल्याइनेछ,
- एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने संघीय सरकारको नीति अनुरुप गाउँपालिकाभित्र औद्योगिक ग्राम स्थापना गर्नका लागि पूर्व निर्णय अनुसार वडा नं. ६ को सिमटार क्षेत्रलाई प्राथमिकता दिइ खाँडी तथा कोगिटा कपडा बुन्ने आधुनिक मेसिनको प्रवन्ध गरिनेछ,
- अरुण गाउँपालिकाको सहकार्य र समन्वयलाई निरन्तरता दिँदै बृहत्तर व्यवसायी र आवश्यकताका आधारमा उत्पादन वृद्धि गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्दै गरिबी निवारणका लागि लघु उद्यम विकासका माध्यमबाट उद्यमशील तथा लघु तथा घरेलु उद्योगहरुको माध्यमबाट विपन्न नागरिकको आयआर्जन वृद्धि गरी स्थानीय स्तरका जनताको आत्मनिर्भरतामा टेवा पुऱ्याउँदै स्थानीय सिप र श्रमको सम्मान गरी रोजगारी सृजना गर्न उद्यम विकास कार्यक्रमका लागि आगामी आ.व.मा समेत निरन्तरताको लागि आवश्यक व्यवस्था मिलाइएको छ, साथै खाँडी तथा कोगिटा कपडा उत्पादनका लागि विगत वर्ष र चालु वर्षमा भएका सिपलाई सदुपयोग गरी र कपडा उत्पादन गर्नका लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्पादनका लागि कपास खेतीलाई प्रोत्साहन गरिनेछ।
- यस गाउँपालिकाभित्र रहेका स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ,
- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिइनेछ,
- गाउँपालिकाभित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ,
- कृषिजन्य उत्पादनको बजार व्यवस्थापनमा निजी क्षेत्रलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न उत्प्रेरित गरिनेछ,
- यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको उद्यमशीलता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**(ठ) वन तथा वातावरण एवं जलवायु परिवर्तन सम्बन्धी नीति**

- वन तथा वातावरण संरक्षणलाई ध्यान दिँदै जथाभावी सडक तथा अन्य संरचना निर्माण गर्ने प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गरिनेछ,
- गाउँपालिकाभित्रका वनलाई संरक्षण गरी वृक्षारोपण कार्य अगाडि बढाइनेछ,
- वन विनाशप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ,
- क्रमिक रुपमा बढ्दै गएको जलवायु परिवर्तनप्रति गाउँपालिकावासीलाई सचेत गाराउँदै हरियालीपनको विकास गरी जलवायु परिवर्तनको दुष्प्रभाव न्यूनीकरण गर्दै जाने नीति लिइनेछ।
- अष्टमी बजार क्षेत्रको जङ्गल गाउँपालिकाको प्रयोजनको लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ।

**(ड) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति**

- गाउँपालिकाभित्र लैङ्गिक तथा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ,
- महिला, दलित, अल्पसंख्यक, पिछडिएका वर्ग र समुदायको क्षमता अभिवृद्धि गरिँदै लगिनेछ।
- अपाङ्गता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**(ढ) सार्वजनिक सेवा प्रवाह एवं सुशासन सम्बन्धी नीति**

- स्वास्थ्य प्राविधिक कर्मचारीहरु, सामाजिक परिचालकहरु तथा न्यून वैतनिक कर्मचारीहरुलाई आवश्यक सेवा सुविधा वृद्धि गर्दै लगिने नीति अवलम्बन गरिने छ ,
- आवश्यकता अनुसार कर्मचारीहरुलाई तालिम तथा प्रशिक्षणको व्यवस्था गर्दै लगिनेछ ,
- विगतका वर्षहरु झैँ यस वर्ष पनि कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गरी समृद्ध सक्षम प्रशासन सञ्चालन तथा जनप्रतिनिधि/कर्मचारी र जनताबीच जनसम्बन्ध कायम गरी छिटो छरितो र प्रभावकारी कार्य सञ्चालनको व्यवस्था मिलाइनेछ।
- स्थानीय सरकारबाट भए गरेका काम कारबाहीहरुलाई चुस्त दुरुस्त र पारदर्शी बनाई सेवा प्रवाहको जानकारी गराउन प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई तथा विषयगत शाखा तथा वडा कार्यालयहरुबाट भए गरेका कार्यक्रमलाई समीक्षा बैठकको माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।
- अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनका आधारमा प्रचलित कानून बमोजिम हुने गरी करार सम्झौतालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

- प्रत्यक्ष जनसम्पर्कमा रहेका करार सेवामा कार्यरत सामाजिक परिचालकको तलब भत्ता आ.व. २०८०।०८१ को तेह्रौँ गाउँसभाबाट ५३.४ प्रतिशतले वृद्धि गरिएको छ । उक्त तलब वृद्धिलाई निरन्तरता दिइदै उनीहरुको मनोबल उच्च राखि जनसेवामा प्रभावकारी भूमिका निर्वाह हुने अपेक्षा लिइएको छ ।
- गाउँपालिकाभित्र निर्माण भइसकेका पूर्वाधारका संरचनाहरुको मर्मत सम्भार गरी दीगो र भरपर्दो बनाउँदै लगिनेछ ,
- गाउँपालिका भित्रका विषयगत कार्यालयहरु र वडा कार्यालयबाट जनतालाई उपलब्ध गराउने सेवालाई थप पारदर्शी र प्रभावकारी बनाइनेछ ,
- कानूनले तोके बमोजिमको न्याय सम्पादनका कार्यहरुलाई थप व्यवस्थित रुपमा सम्पादन गरिनेछ,
- विकास निर्माणमा क्रियाशील उपभोक्ता समितिहरुलाई थप जिम्मेवार र जवाफदेही बनाइनेछ ।
- गाउँपालिकालाई आवश्यक पर्ने आवश्यकता अनुसारका नीति, नियम तथा कानूनहरुको निर्माण गरिनेछ ।

**(ण) न्याय सम्पादन सम्बन्धी नीति**

१. सूचीकृत मेलमिलापकर्ताहरूलाई मुद्दा मामिला मेलमिलाप गराए वापत उनीहरूले पाउने सेवा सुविधालाई निरन्तरता दिइनेछ ।

२. विद्यालय तथा समुदायमा बाल विवाह, बालबालिका सम्बन्धी घरेलु हिंसा सम्बन्धी कानूनी सचेतना कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।

३. न्यायिक समितिको इजलास तथा कार्यक्षहरूलाई व्यवस्थित गरिनेछ ।

४. न्यायिक समितिमा आइपर्ने समस्याहरूको बारेमा अन्य न्यायिक निकायहरुसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह सुझावको लागि भेटघाट गरी न्यायिक परामर्श लिइनेछ ।

५. न्याय सम्पादनको कार्यलाई थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई डिजिटल जस्टिस सिस्टम तयार गरि लागू गरिनेछ ।

६. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी गाउँपालिकाको अधिकार क्षेत्रभित्रका उजुरी तथा गुनासोहरुलाई यथाशीघ्र फछ्यौंट गर्दै लगिनेछ,

**(त) रोजगार सेवा केन्द्रको नीति**

- **"स्थानीय सरकार रोजगारीको आधार"** मुख्य नाराका साथ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिपसँग जोडि सूचीकृत बेरोजगार व्यक्तिको पहिचान गर्दै लाभग्राही व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गरी समुदायको विकास सँगै सामाजिक संरक्षणको व्यवस्था गरिनेछ ।

- वैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृतिको कार्य रोजगार सेवा केन्द्रबाट सञ्चालन गरिदै आएकोमा यसलाई अझ परिस्कृत गरि निरन्तरता दिइनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सुरक्षित आप्रवासन (सामि) कार्यक्रम सञ्चालन गरिनेछ।
- रोजगार सेवा केन्द्रबाट नागरिकलाई व्यावसायिक सिप विकास, रोजगार प्रवर्धन, उत्पादनशील रोजगार सिर्जना, आप्रवासन लगायत श्रम तथा रोजगार सम्बन्धी एकीकृत सेवा प्रदान गरिनेछ।
- आन्तरिक रोजगार प्रवर्धन र श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्न श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तहले रोजगारीको हकको प्रभावकारी कार्यान्यिन, स्थानीय तहमा उपलब्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र रोजगार क्षेत्रमा नवीनतम उपाय र विधिको पहिचान गर्न रोजगार सम्वाद मञ्च सञ्चालन गरिनेछ।
- स्थानीय तहको सामाजिक, आर्थिक अवस्था र बेरोजगारीको समस्यालाई दीर्घकालीन रुपमा सम्बोधन गर्न वर्तमान रणनीति तथा कार्यक्रमहरु सक्षम भए नभएको विषयलाई उल्लेख गरि नयाँ रोजगार रणनीति तय गरिनेछ।
- श्रममूलक आयोजनामा खटिने श्रमिकहरुलाई काममा खटाउनुपूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन गराएर मात्र काममा खटाइनेछ।

**(थ) पञ्जीकरण तथा घटना दर्तासम्बन्धी नीति**

- सन् २०२४ सम्ममा घटना दर्तालाई सतप्रतिशत पुऱ्याउने नेपाल सरकारको नीति अनुरुप यस गाउँपालिकामा पनि घटना दर्तालाई प्रथामिकतमा राखेर कार्य गरिने छ।
- समयमै घटना दर्ता गराउन विभिन्न सञ्चार माध्यम (रेडयो, माईकिङ्ग, पर्चा पम्प्लेट, समाजिक सञ्जाल) बाट सूचना प्रचारप्रसार गरी घटना दर्तालाई बढवा दिइनेछ।
- सामजिक सुरक्षा भत्तालाई बैङ्किङ प्रणाली मार्फत् भूक्तनी गर्दा आइपरेका समस्याहरुलाई नियमन गर्न कानूनमा व्यवस्था भए अनुरुप उचित व्यवस्थापन गरी सम्बोधन गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित बनाउन जनप्रतिनिधिहरु (वडाध्यक्ष वडा सदस्य तथा कार्यपालिका सदस्यहरु) साथै वडा सचिवहरुलाई घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कानूनी तथा अनलाईनमा आधारित पुनर्ताजगी तालिम साथै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

- व्यक्तिगत घटना दर्तालाई शतप्रतिसत पुऱ्याउन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७७ को अनुसूची ३ मा उल्लेखित घटना दर्ताको विलम्ब तथा प्रतिलिपि शुल्कलाई कायम गरी कार्यान्वयन गरिने छ।
- बैङ्किङ प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण पश्चात् आएका समस्याहरु निराकरण गरी हिसाब मिलानलाई चुस्तदुरुस्त बनाउन त्रैमासिक रुपमा सेवा प्रदायक बैङ्कसँग समीक्षा बैठक सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल र पारदर्शी बनाई सेवाग्राहीहरुलाई सहजता प्रदान गर्न वडा कार्यालयबाट नै समाजिक सुरक्ष भत्ता वितरणलाई निरन्तरता दिँदै थप व्यवस्थित गरी सञ्चालन गरिने छ।
- सामाजिक सुरक्षा र राष्ट्रिय परिचयपत्रलाई एकीकृत गर्दै समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई वायोमेट्रिक प्रणालीसँग जोड्दै चुस्त, दुरुस्त र विश्वसनीय बनाइने छ।

**(द) बैंक तथा वित्तीय संस्थासम्बन्धी नीति**

- गाउँस्तरमा विभिन्न समूह मार्फत बचत गर्ने बानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा रहेका समूहहरुलाई एकीकृत गरी सहकारी संस्थामा आबद्ध हुन प्रोत्साहन गरिने नीति लिइनेछ।

**(ध) सहभागिता तथा साझेदारी सम्बन्धी नीति**

- सबै समस्याहरुको समाधान एकै पटक सम्भव छैन र हुन सक्दैन। यसका लागि अन्य स्थानीय तहहरु, संघीय सरकार, निजी क्षेत्र, गैर सरकारी संस्थाहरु, दातृ निकायहरु, नागरिक समाज, प्रबुद्ध वर्गहरु तथा विकास साझेदार संस्था तथा निकायहरुसँग संवाद, सहकार्य र सहभागिताको नीति अवलम्बन गरिनेछ।

**सभा सदस्यज्यूहरु**

प्रस्तुत नीति तथा कार्यक्रमको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासबाट मात्र सम्भव छैन। तसर्थ राजनीतिक दल, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, सम्पूर्ण संघसंस्था, नागरिक समाज र सम्पूर्ण गाउँपालिकावासीहरुको सामूहिक प्रयासबाट मात्र सम्भव हुने भएकोले समग्र अरुण गाउँपालिकाको विकास गर्नका लागि तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्पूर्ण पक्षबाट आवश्यक सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु।

आ.व. २०८१/०८२ को प्रस्तुत नीति तथा कार्यक्रमबाट गाउँपालिकाको भौतिक पूर्वाधार विकास एवं आर्थिक तथा सामाजिक विकासमा ठोस योगदान पुगी जनताको जीवनस्तरमा सुधार हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमबाट अरुण गाउँपालिकाको अग्रगामी विकास र परिवर्तनका लागि ठोस योगदान पुग्ने विश्वास लिइएको छ, साथै प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्न सल्लाह सुझाव प्रदान गर्नुहुने तथा सहयोग र सक्रियताका साथ लाग्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, कर्मचारीहरु, शिक्षक र समाजसेवीहरु सबैमा हार्दिक आभार प्रकट गर्दै हामीलाई यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन गरी उत्प्रेरित गर्नुहुने गाउँपालिकावासीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि  सबैबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा आफ्नो कार्यव्यस्तताको बावजुद पनि गाउँपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी चौधौँ गाउँ सभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद**